नेपाल सरकार

## सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

### विज्ञप्ति

आज मिति २०७५ चैत्र २९ गते आइतबार माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूको अध्यक्षतामा आ.व.२०७५/०७६ को दोस्रो चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो । उक्त बैठकमा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री पुष्पराज कँडेल, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका नि. सचिव श्री सुरेश अधिकारी, मन्त्रालयका सह-सचिवहरु तथा विभागका महानिर्देशकहरु, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयका प्रतिनिधिहरु, कार्यक्रम/आयोजनाका प्रमुख, समिति र प्रतिष्ठानहरुका साथै अन्य कर्मचारी र विभिन्न संचार माध्यमका संचारकर्मीहरु समेतको उपस्थिति रहेको थियो ।

उक्त अवसरमा मन्त्रालय र अन्तर्गतका निकाय, बिभिन्न कार्यक्रम तथा आयोजनाको समग्र प्रगति प्रस्तुती गरियो । आ.व. ०७५/०७६ को लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयतर्फ विनियोजित रकम रु २२ अर्ब ५५ करोड ७० लाख ३७ हजार बजेट अन्तर्गतको दोस्रो चौमासिक प्रगति विवरण प्रस्तुत भएको थियो । दोस्रो चौमासिक सम्ममा चालु खर्चतर्फ १० अर्ब १९ करोड ८४ लाख ५१ हजार मध्ये ३२. ५५ प्रतिशत, पूँजिगत खर्चतर्फ १२ अर्ब ३५ करोड ८५ लाख ८६ हजार मध्ये १९.८४ प्रतिशत खर्च भई समग्रमा दोस्रो चौमासिक अवधि सम्ममा २५.५९ प्रतिशत वित्तिय प्रगति रहेको जानकारी गराइयो । आयोजना कार्यक्रमहरुको कार्यन्वयनबाट प्राप्त भएका प्रमुख उपलब्धिहरुको बारेमा संक्षिप्त रुपमा प्रस्तुत गर्दै कार्यान्वयनका क्रममा देखापरेका समस्याहरुको पहिचान गरी सोको समाधानका लागि सुझाव सहितको विकल्पहरु समेत प्रस्तुत भएको थियो ।

कार्यक्रममा स्थानीय पूर्वाधार विभाग, निजामती किताबखाना, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, निजामती कर्मचारी अस्पतालले आ-आफ्ना कार्यक्रमको दोस्रो चौमासिक अवधि सम्मको प्रगति प्रस्तुत गरेका थिए । कार्यक्रमको प्रगति सम्बन्धमा राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयका प्रतिनिधिहरुले बजेट खर्च, वित्तिय एवं भौतिक प्रगति तथा समयमै दोस्रो समीक्षा कार्यक्रम गरेकोमा प्रति सन्तोष व्यक्त गर्दै वार्षिक कार्यक्रमले निर्धारण गरेका लक्ष्य प्राप्तिका लागि आगामी दिनमा थप मेहेनतका साथ काम गर्नुपर्ने धारणा राख्नुभएको थियो ।

कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष श्री पुष्पराज कँडेलले मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति मार्फत नै मन्त्रालयका सामान्य समस्याहरु समाधान गर्न र राष्ट्रिय मुद्दासँग सम्वन्धित समस्या राष्ट्रिय विकास समस्या समितिमा पेश गरी छलफल गराउन अनुरोध गर्दै मन्त्रालयको दोस्रो चौमासिक प्रगति सन्तोषजनक रहेको वताउनु भयो । उहाँले पुँजीगत खर्चको अवस्था, कर्मचारी समायोजन, वेरुजु फछ्यौट, पन्ध्रौ योजनाको आधार पत्र तयारीको अवस्था लगायत संघीयता कार्यान्वयन र योजना निर्माणमा प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय, अर्थ मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय योजना आयोगबीच समन्वय हुनुपर्ने धारणा व्यक्त गर्नु भयो ।

कार्यक्रम समापनको अवसरमा माननीय सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री श्री लालबाबु पण्डितज्यूले मन्त्रालयबाट सम्पादित कामको प्रगति सन्तोषजनक नै रहेको र आगामी दिनमा थप प्रगति प्राप्तिको लागि समन्वय र सहकार्य गरी संक्रमणकालीन अबरोधहरुलाई पन्छाउँदै अगाडि बढ्नुपर्ने बताउनुभयो । उहाँले संघीयता कार्यान्वयनमा रहेका केही अन्यौलता यस मन्त्रालयले सम्बोधन गरेको र गर्दै जाने बताउनुभयो । कर्मचारी समायोजनको कार्य सकिएको तथापि समायोजन सम्बन्धी जायज गुनासोहरुको व्यवस्थापन छिट्टै हुने बताउँदै सबै राष्ट्रसेवक कर्मचारीहरूलाई अनुशासनमा रही कर्तव्यपालन गर्न र आफूले सम्पादन गर्ने कामलाई अरूको कारण गर्न नसकिएको भनी दोष पन्छाउने प्रवृतिवाट मुक्त रहनु पर्ने वताउनु भयो । राष्ट्रसेवकहरुले परिवर्तनलाई आत्मसात गरी जिम्मेवारीपूर्वक आफ्नो दायित्व निर्वाह गर्नुपर्ने कुरामा जोड दिदैं दृढ संकल्पका साथ उच्च मनोबल कायम राखी काम गर्न पनि माननीय मन्त्रीज्यूले निर्देशन दिनुभयो ।

..............................

सुरेश अधिकारी

नि. सचिव

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

मितिः २०७५ साल चैत्र २९ गते